## अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष सञ्चालन कार्यविधि २०७७

नगरकार्यपालिकाबाट प्रमाणिकरण मितिः

**प्रस्तावना**

सूर्योदय नगरपालिका भित्रका अति विपन्न परिवारका  नागरिकहरुको स्वास्थ्य उपचारमा आर्थिक सहायता उपलब्ध गराई स्वास्थ्य उपचारलाई सहज बनाउदै आर्थिक विपन्नताको कारण स्वास्थ्य उपचार गर्न नसकेका बिरामीहरुलाई स्वास्थ्य सेवाका लागि अस्पतालसम्म पुऱ्याई तत्काल मृत्यूवाट जोगाई पीडादायी जीवनलाई सरल र सहज बनाउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाबाट **“अति विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य उपचार सहायता कोष सञ्चालन कार्यविधि,२०७७”** स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद- १
### नाम र परिभाषा

**१) संक्षिप्त नाम र प्रारम्भः** क) यस कार्यविधिको नाम  **"अति विपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष सञ्चालन कार्यविधि २०७७"** रहेको छ ।

ख) यो कार्यविधि नगरकार्यपालिका बैठकबाट पारित भएपछि तुरुन्त लागू हुनेछ ।

**२) परिभाषाः यस कार्यविधिमा**

१) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनुपर्छ ।

२) "प्रमुख" भन्नाले सूर्योदय नगर पालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

३) "उप-प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

४) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

५) "वडा अध्यक्ष" भन्नाले सूर्योदय नगरपालिकाको चौधै वटा वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

६) "अति विपन्न नागरीक" भन्नाले दफा ३ को उपदफा ३ बमोजिमको समितिले सिफारिस गरेको वा नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचय पत्र वाहक विपन्न नागरिकलाई सम्झनुपर्छ ।
साथै नेपाल सरकारले तोके बमोजिम वार्षिक औसत आम्दानी भन्दा कम आय भई स्वास्थ्य शिक्षा र रोजगारमा सहज पहुच नभएको नागरिकलाई सम्झनु पर्छ ।

७) "कडा रोग" भन्नाले मुटुरोग, मृगौला रोग, क्यान्सर रोग, पार्किन्सस, अल्जाईमर्स, स्पाइनल इन्जुरी, हेड ईन्जुरी, सिकलसेल एमोनिया रोगहरुलाई सम्झनुपर्छ ।

८) "अन्य रोग" भन्नाले दम, फोक्सो रोग, मधुमेह, महिलाको पाठेघर खस्ने, मानसिक रोग जस्ता रोगहरु सम्झनुपर्छ ।

### परिच्छेद–२
### आर्थिक सहायता

**३. विपन्न परिवारलाई आर्थिक सहायता दिनेः** (१) आर्थिक रुपले विपन्न नागरिकले दफा २ को (८) मा उल्लेख भए बमोजिमका रोगको उपचार गराउँदा निम्नानुसारको आर्थिक सहायता प्राप्त गर्नेछन् ।

क) कडा रोगको लागि अधिकतम बार्षिक बीस हजार मात्र ।

ख) अन्य रोगको लागि अधिकतम बार्षिक दश हजार मात्र ।

२) विपन्न नागरिकले औषधि उपचार बापत आर्थिक सहायता माग गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछ -

क) नेपाली नागरिकताको प्रतिलिपि,

ख) रोग पहिचान भएको चिकित्सकको प्रिस्क्रिप्सन,

ग) बिरामी विपन्न नागरिक भएको व्यहोरा खुल्ने प्रमाण,

घ) सम्बन्धि वडा कार्यालयको सिफारीस

ङ) आर्थिक सहायता मागको निवेदन

तर कडा रोग लागेका रोगीहरुले संघीय स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको र नगरपालिकाले स्वास्थ्य बीमा गराएको रोगीहरुले यो सुबिधा पाउने छैनन् ।

३) विपन्न नागरिकहरुलाई औषधि उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनका लागि निर्णय तथा सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।

क) नगरपालिका प्रमुख– अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग) स्वास्थ्य तथा जनसंख्या विकास समितिको संयोजक- सदस्य

घ) आर्थिक प्रशासन शाखा – सदस्य

ङ) नगरगपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

४) उपदफा (३) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क) विपन्न नागरीकले आर्थिक सहायताका लागि दिएको निवेदन संकलन गर्ने,

ख) खण्ड (क) अनुसार पेश भएका कागजातहरुको अध्ययन गरी दफा ३ बमोजिमको आर्थिक सहायताको रकम निर्णय तथा सिफारिस गर्ने,

ग) सिफारिस गरिएको आर्थिक सहायताको विवरणको अभिलेख राख्ने,

घ) सिफारिस गर्दा एउटा व्यक्तिको लागि बर्षमा एक पटक मात्र सिफारिस गर्ने,

५) विपन्न नागरिकलाई स्वास्थ्य उपचारका लागि यस कार्यविधि बमोजिम दिइने आर्थिक सहायता उपचार अघि वा उपचार हुँदै गर्दा वा उपचार पछि पनि दिन सकिने छ ।

६) समितिको बैठक अध्यक्षको आदेशमा सदस्य सचिबले बोलाउनेछ ।

७) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

## परिच्छेद–३
## कोषको स्थापना तथा सञ्चालन

४. **कोषको स्थापनाः**१) नगरपालिकाबाट यस कार्यविधि बमोजिम अति विपन्न नागरिकको उपचारको लागि वितरण गरिने आर्थिक सहायताका लागि एउटा कोष रहनेछ, जसमा देहाय बमोजिम रकम रहने छ ।

क) नगरपालिकाको बार्षिक बजेट मार्फत उक्त शिर्षकमा खर्च हुने गरी स्वीकृत रकम,

ख) विदेशी तथा विदेशी दातृ निकायबाट प्राप्त हुने रकम ।

ग) स्थानीय सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

घ) कोषलाई अन्य बिभिन्न स्रोतबाट प्राप्त हुने रकम

२) उक्त कोषमा जम्मा भएकोरकमको सञ्चालन प्रचलित कानून बमोजिम हुनेछ ।

३) उक्त कोषमा जम्मा भएको रकम विपन्न नागरिकको उपचार प्रयोजनका लागि दिइने आर्थिक सहायता बाहेक अन्य प्रयोजनका लागि खर्च गरिनेछैन *।तर विपद ब्यवस्थापन ऐन अन्तरगत परिभाषित विपतबाट पिडीत अति विपन्न परिवारको उपचार प्रयोजनको लागि खर्च गर्न बाधा पर्ने छैन ।*

**५. कोषको रकम प्रयोग गर्न नपाइनेः**१) कोषमा जम्मा भएको रकम देहायको प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन।

क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

ख) सरकारी वा गैर सरकारी पदाधिकारी वा कर्मचारीलाई तलब, भत्ता वा अन्य सुबिधाउपलब्ध गराउन,

ग) विपन्न  नागरिकको उपचार प्रयोजनका लागि दिइने आर्थिक सहायता बाहेकअन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

घ) कुनै किसिमको गोष्ठी, अन्तरक्रिया वा सभा सम्मेलन गर्न, गराउन

**६. कोषको लेखा परीक्षणः** १)कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम गरिनेछ।

## परिच्छेद –५
## विविध

**७. विवरण राखेः** १) यस कार्यविधि बमोजिम भुक्तानी भएको रकम भुक्तानी पाउनेको विवरण देहायको ढाँचामा राखुपर्नेछ ।

२) बिरामीको नाम, थर, ठेगाना र सम्पर्क नम्बर तथा विपन्न परिवारको व्यहोरा खुल्ने विवरण

३) नागरिकताको विवरण

४) रोग पहिचान सम्बन्धि विवरण

५) उपचारको विवरण

**८. कार्यविधिको संसोधनः** यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा समितिको सिफारिसमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**९. खारेजी र बचाउः** १) यस कार्यविधिमा व्यवस्था भएका बिषयहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

*२) यसअघि नगरपालिकाबाट अति विपन्न नागरिक स्वास्थ्य उपचार सामाजिक सहायताकोष अन्तरगत वितरण भए गरेका सम्पुर्ण रकम यसै कार्यविधि बमोजिम वितरण भएको मानिनेछ ।*